REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 09.07.2026

**मुख्यमन्त्रीका प्रेस सचिवले सिक्किमको प्रेस क्लबका नवनिर्वाचित सदस्यहरूलाई भेटे (स्रोत; डेस्क)**

मुख्यमन्त्रीका प्रेस सचिव योगेन तामाङ र मुख्यमन्त्रीका मिडिया संयोजक दिछेन ओङ्मु भुटियाले आज प्रेस क्लब सिक्किमका नवनिर्वाचित कार्यकारी समितिलाई भेटे। यस क्रममा श्री तामाङ र सुश्री भोटियाले नवनिर्वाचित समितिलाई बधाई दिए।

श्री तामाङले नवनिर्वाचित अध्यक्ष समीर हाङ लिम्बूको नेतृत्वमा रहेको नयाँ कार्यकारी समितले युवा ऊर्जा दर्शाइरहेको र यसले मिडिया जगतको सेवामा प्रेस क्लबको भूमिकालाई अझ बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो।

यसरी नै सुश्री भुटियाले वर्तमान समयमा राज्यमा भइरहेको प्रेस र मिडियाको विकासबारे आवगत गराउनु भयो।

**स्वास्थ्य मन्त्री जी.टी. ढुङ्गेलद्वारा सोरेङ जिल्ला अस्पताल निर्माण कार्यको स्थलगत भ्रमण**

राज्यका स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जी.टी. ढुङ्गेलले आज सोरेङमा निर्माणाधीन जिल्ला अस्पतालको स्थलगत निरीक्षण गर्नुभयो। निरीक्षणका क्रममा मन्त्री ढुङ्गेलले निर्माण कार्यको प्रगति, गुणस्तर तथा निर्धारित समयसीमाभित्र परियोजना सम्पन्न गर्ने विषयमा सम्बन्धित अधिकारीहरूबाट विस्तृत जानकारी लिनुभएको थियो।

श्री ढुङ्गेलले अस्पताल निर्माण कार्यलाई गुणस्तरीय र समयमै सम्पन्न गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिनुभयो। निरीक्षणका क्रममा उपस्थित जनप्रतिनिधि तथा

अधिकारीहरूले अस्पताल निर्माण कार्यलाई तीव्रता दिई निर्धारित समयभित्र पूर्ण गर्ने प्रतिबद्धता व्यक्त गरे।

## BAS ले भोलि राज्यव्यापी सामूहिक वृक्षारोपण अभियान आयोजना गर्दैछ

राज्यका मुख्यमन्त्री प्रेम सिंह तामाङको पहलमा आयोजित सिक्किम पर्यावरण उत्सवको उपलक्ष्यमा **सिक्किम ब्याडमिन्टन संघले** भोलि राज्यव्यापी सामूहिक वृक्षारोपण अभियान आयोजना गरेको छ।

सबै जिल्ला एकाइ, सम्बद्ध क्लब, खेलाडी तथा प्रशिक्षकहरूलाई यस पहलको व्यापक प्रचार-प्रसार गर्न र आ-आफ्नो क्षेत्रमा अधिक सहभागिता जनाउन संघले अनुरोध गरेको छ।

## एमएसएमई-डिएफओ गान्तोकले एक दिने जागरूकता कार्यक्रम आयोजना गऱ्यो

भारत सरकारको एमएसएमई (MSME) मन्त्रालय अन्तर्गत एमएसएमई-विकास तथा सहजीकरण कार्यालय (एमएसएमई-डिएफओ), गान्तोकले जिल्ला प्रशासन केन्द्र, पाकिमसँगको सहकार्यमा आज पाकिम रुर्बन कम्प्लेक्समा प्रधानमन्त्री विश्वकर्मा योजनासँग सम्बद्ध मार्केटिङ र ब्रान्डिङबारे एक दिने जागरूकता कार्यक्रम आयोजना गऱ्यो।

कार्यक्रमको उद्देश्य ब्रान्डिङ, प्याकेजिङ, डिजिटल मार्केटिङ, वित्तीय साक्षरता, निर्यात अवसरहरू आदि सम्बन्धी सत्रहरू मार्फत प्रधानमन्त्री विश्वकर्मा कारीगरहरूको उद्यमशीलता क्षमता अभिवृद्धि गर्नु थियो।

सम्बन्धित निकायका सहायक निर्देशक निर्मल चौधरीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै यसले विश्वकर्मा कारीगरहरूलाई अवसर प्रदान गर्ने विषयबारे अवगत गराउनु भयो।

## सरकारी जुनियर हाई स्कूल पाक्योङमा म्यारथन

पाकिम जिल्लास्थित रायगाउँ नाम्चेबोङ सरकारी जुनियर हाई स्कूलले आज जुनियर केटीहरू र केटाहरूका लागि म्याराथन आयोजना गरेर आफ्नो स्वर्ण जयन्ती समारोह आयोजना गरे।

म्याराथानमा पाक्योङ वरिपरीका विद्यालयजस्तै **सरकारी जेएचएस पाक्योङ बजार, सरकारी जेएचएस दमलखा, साई गुरुकुल, जेएनभी पाक्योङ र सरकारी जेएचएस रायगाउँले** भाग लिए।

भारतको १७ वर्ष मुनिको महिला फुटबल टोलीकी कप्तान अभिष्ट बस्नेतले यस अवसरमा उपस्थित जनाउँदै विजेताहरूलाई बधाई दिनुभयो। आज सम्पन्न म्यारथन सन्दर्भमा सुश्री अभिष्ट बस्नेत भन्नुहुन्छ-

## नेपाली साहित्य परिषद् सिक्किमद्वारा आयोजित त्रिदिवसीय अन्तरविद्यालय प्रतियोगिताअन्तर्गत सामूहिक नेपाली लोकनृत्य प्रतियोगिता सम्पन्न

२१२औँ भानुजयन्तीको अवसरमा नेपाली साहित्य परिषद् सिक्किमद्वारा आयोजित त्रिदिवसीय अन्तरविद्यालय प्रतियोगिताअन्तर्गत तेस्रो दिन १८ वटा विद्यालयको सहभागितामा सामूहिक नेपाली लोकनृत्य प्रतियोगिता आज टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालयको प्रेक्षालयमा सम्पन्न भयो।

यस प्रतियोगितामा बोझोघारी **वरिष्ठ माध्यमिक विद्यालय प्रथम, देउराली वरिष्ठ कन्या विद्यालय द्वितीय** तथा **टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालय तृतीय** स्थान ओगट्न सफल बने।

## सिक्किम सरकारका सल्लाहकार तथा क्षेत्र विधायक लोकनाथ शर्माले पी.आर. लामा वरिष्ठ माध्यमिक विद्यालय याङसुममा

आज आर पी लामा वरिष्ठ विद्यालय याङ्सुममा श्रमदानद्वारा निर्मित फुट ओभर ब्रिजको उद्घाटन गरि क्षेत्र विधायक लोकनाथ शर्माले विद्यालय परिवारलाई हस्तान्तरण गर्नुभयो।

उद्घाटन समारोहमा सम्बोधन गर्दै श्री शर्माले श्रमदान मार्फत फुट ओभर ब्रिजको निर्माण सम्भव बनाउने स्थानीय सहभागिता र स्वैच्छिक सेवा भावनाको प्रशंसा गर्नुभयो।

**आकाशवाणी गान्तोकबाट प्रादेशिक समाचार, पूरा भयो।**